## कैलाली जिल्लाको टीकापुरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय टीकापुर कैलालीले पहिलो चरणमा ४८ जना आफ्ना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ फागुन ०८ गते कैलाली जिल्ला जानकी गा.पा. ०५ अमौरामा **"ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम"** सम्पन्न गरेको संस्थाका टीकापुर शाखा कार्यालयका शाखा प्रमुख श्री ध्रुवराज जोशीले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री ध्रुवराज जोशी, श्री लक्ष्मी शर्मा र कुश्मा ढकाल रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको, यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नत तिर अगाडि बढेको समेत संस्थाका शाखा प्रमुखले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाका टीकापुर शाखा कार्यालयका शाखा प्रमुखले प्रकाश पारेका थिए ।

यस तालिममा ग्राहक सदस्यहरुले वित्तीय साक्षरता तालिम एक परिचय, वित्तीय साक्षरताको महत्व, उद्देश्य, वित्तीय लक्ष्य निर्धारण, बचत परिचालन, कर्जा व्यवस्थापन तथा कर्जा सदुपयोगिता, वित्तीय अनुशासन, सेवा सुविधाको छनौट प्रक्रिया तथा आम्दानी खर्च, जोखिम व्यवस्थापन, बिमा, विप्रेषण

सेवा, व्यवसायिक योजना, व्यवसायिक योजना बनाउँदा ध्यानदिनु पर्ने कुराहरु, बचतको महत्व तथा संस्थाले प्रदान गरी रहेका सेवाहरु, कर्जा, बचत, बिमा तथा रेमिटान्स आदि बारेमा तालिममा सहभागीहरुले जानकारी हासिल गरेको टीकापुर शाखाका शाखा प्रमुखले बताएका थिए ।

यो निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशका ७७ वटै जिल्लाहरुमा शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त वित्तीय संस्था हो । यस संस्थाले १८१ वटा शाखा कार्यालय, १० वटा क्षेत्रीय कार्यालय र १ केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा पुऱ्याई रहेको छ। संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतना मूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौंद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार बिनाधितो तथा धितोमा कर्जा लगानी समेत गर्दै आई रहेको छ ।

यस टीकापुर शाखा कार्यालयाले टीकापुर नगरपालिका, लम्कीचुहा नगरपालिका र जानकी गाउपालिका भित्र कार्यक्षेत्र बनाई २०७५ माघ मसान्त सम्ममा २ हजार ५ सय १४ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ। शाखाको २०७५ माघ मसान्त सम्ममा लगानीमा रहेको कर्जा रु. ९ करोड २९ लाख ९ हजार १ सय ४० रुपैया रहेको छ भने ग्राहक सदस्यहरुको ६ करोड ६४ लाख ६३ हजार ७ सय २९ रुपैया बचत संकलन गरी कारोबार गरी रहेको छ। व्यवसाय गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका टीकापुर शाखाका शाखा प्रमुख श्री ध्रुवराज जोशीले जानकारी गराएका थिए ।